# जनकपुरधाम उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
### मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०७९/०८०
चलानी नः-

फोन नं. ९८५४०५६१११
website:janakpurmun.gov.np


मितिः – २०८०/०१/०५

## सूचना सूचना सूचना

श्री संस्थागत (निजी तथा आवासीय) विद्यालयहरु
जनकपुरधाम उप.महा.न.पा. ।

प्रस्तुत विषयमा यस जनकपुरधाम उप.महा.न.पा. अन्तर्गत संचालित सम्पूर्ण (निजी तथा आवासीय) विद्यालयहरु शैक्षिक सत्र २०८० बाट जुन शैक्षिक संस्थाले जति कक्षाको अनुमती प्रास गरेको हो सोही अनुसार मात्रै कक्षा संचालन गर्न गराउन हुन जानकारी गराइन्छ । अनुगमनको क्रममा वा कहिँ कतैबाट नियम विपरीत संचालन भए गरेको जानकारी पाइएमा प्रदान गरिएको अनुमती रद्द गरि र अनुमती नपाएको संस्था भए अवैध सूचीमा राखी कारवाही समेत हुने व्यहोरा जानकारी गराइन्छ ।

अभिभावकज्यूहरुले पनि शैक्षिक सत्र २०८० बैशाख देखि विद्यार्थी भर्ना गर्दा उक्त शैक्षिक संस्था अनुमती प्रास रहे नरहेको साथै कुन कक्षा सम्म अनुमती प्रास गरेको हो अनुमती पत्र हेरि यकिन गरि मात्र भर्ना गराउन हुन अनुरोध छ ।

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।
श्री शिक्षा विकास तथा समन्वय इकाई, धनुषा ।
श्री प्यावसन. जनकपुरधाम उप.महा.न.पा. ।
श्री एन.प्यावसन जनकपुरधाम उप.महा.न.पा. ।
श्री एम. प्यावसन जनकपुरधाम उप.महा.न.पा. ।

..............................
(अन्जु पाण्डेय)
शाखा प्रमुख
शिक्षा तथा खेलकुद विकास शाखा

वरिष्ठ शाखा अधिकृत

# जनकपुरधाम उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
### मधेश प्रदेश, नेपाल



पत्र संख्या :-२०७९/०८०
चलानी नः- ६३५८

फोन नं. ९८५४०५६१११
website:janakpurmun.gov.np


मितिः — २०८०/०१/०५

श्री संस्थागत विद्यालय सबै,
जनकपुरधाम उप.महा.न.पा. ।

विषयः- परिपत्र ।

उपर्युक्त सम्बन्धमा संस्थागत विद्यालय मापदण्ड तथा संचालन निर्देशिका २०६९(संशोधन सहित) मा व्यवस्था भए अनुसार विद्यालयहरु आफैले पाठ्यपुस्तक तथा स्टेशनरी बिक्री गर्न नपाउने, विद्यालयबाट निर्धारित ड्रेस कोडको नमुना विद्यार्थीहरुलाई उपलब्ध गराउनुपर्ने र विद्यालयले तोकेको स्थानमा पोशाक खरिद गर्न विद्यार्थीहरुलाई बाध्य नगराउने भन्ने व्यवस्था रहेको व्यहोरा सबैलाई अवगतै छ ।यति हुँदाहुदै पनि कतिपय विद्यालयहरुले विद्यार्थी तथा अभिभावकहरुलाई विद्यालयबाट नै पाठ्यपुस्तक स्टेशनरी तथा पोशाक खरिद गर्न बाध्य पार्ने गरेको भन्ने नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ धनुषाबाट पालिकामा गुनासो आएको हुँदा सम्बन्धित सबै विद्यालयहरुले अनिवार्य रुपमा निर्देशिका बमोजिम गर्न गराउनु हुन अनुरोध गरिन्छ । यदि नियम उल्लघन भए गरेको पाइएमा कानुन बमोजिम आवश्यक कारबाही गरिने र सो को जवाफदेही सम्बन्धित संस्थापक तथा प्रिन्सिपल नै हुनुपर्ने व्यहोरा जानकारीको लागि अनुरोध छ।

...............................
(अन्जु पाण्डेय)
शाखा प्रमुख
शिक्षा तथा खेलकुद विकास शाखा